फोन: प्र.जि.अ. ०८९-४२०११२
९८५८०१७७७७
०८९-४२०१२६
९८५८०४०१२६
फ्याक्स: ०८९-४२०१२६
इमेल : daodailekh@gmail.com
वेवसाइट : daodailekh.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

मिति:२०७६/११/२२

श्री जिल्ला प्रशासन कार्यालय, दैलेखबाट जनहितमा जारी सूचना

छिमेकी मित्र राष्ट्र चीन हुँदै विश्वभर महामारीको रुपमा फैलिदै गएको कोरोना भाइरस (कोभिड-१९) बाट नेपाल पनि उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनबाट प्रतिक्रिया व्यक्त भएको र नेपाल सरकारले समेत यसको संक्रमणबाट जोगिन सचेतना अपनाउनुका साथै भीडभाडमा नजान, मेला, सभा, सम्मेलन जस्ता कार्यक्रमहरु नगर्न अनुरोध गरिसकेको सन्दर्भमा अर्को सूचना जारी नभएसम्मका लागि तपशिलमा उल्लेखित कार्यहरु अवलम्वन गर्नु गराउनु हुन सम्बन्धित सवैमा हार्दिक अनुरोध छ।

<u>तपशिल</u>

१. स-साना पारिवारीक भेटघाट बाहेक ठुलो जमघट, मेला, पर्व (होली लगायत), महोत्सव, सभा, सम्मेलन, प्रदर्शनी तथा भेटघाट र भीडभाड नगर्ने,
२. भेटघाटमा हात नमिलाउने, अंकमाल नगर्ने,
३. सकेसम्म सर्जिकल मास्क वा अन्य मास्क प्रयोग गर्ने वा रुमालले मुख छोप्ने,
४. नियमित रुपमा सावुन पानीले मिचिमिचि हात धुने,
५. खोक्दा, हाच्छियु गर्दा आफ्नो नाक र मुख छोप्ने,
६. जिल्लास्थित ११ वटै स्थानीय तहले अर्को व्यवस्था नभएसम्म मेला, महोत्सवको स्वीकृत प्रदान नगर्ने,
७. प्रशस्त मात्रामा तातो झोलिलो पदार्थहरु पिउने,
८. जंगली तथा घरेलु पशुपन्छीहरु जस्तै: बंगुर, कुकुर, विरालो, घोडा, सर्प, चमेरोबाट टाढै रहने,
९. धेरै ज्वरो (१०४°F) भन्दा बढी आएमा, लगातार ४-७ दिनसम्म रुघाखोकी जस्तो लाग्ने र नाकबाट पातलो पानी बगेमा, टाउको तथा घाटी दुखेमा, श्वास प्रश्वास सम्बन्धी समस्या भएमा नजिकको स्वास्थ्य संस्था वा चिकित्सकको सम्पर्कमा जाने,

इन्द्र बहादुर क्षेत्री
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी